जीतपुरसिमरा उपमहानगरपालिका

# जीतपुरसिमरा राजपत्र

खण्डः१ संख्याः ९ मितिः २०७५।०४।०१

भाग-१

जीतपुरसिमरा उपमहानगरपालिका

## स्वास्थ्य ऐन, २०७५

**प्रस्तावनाः**

जीतपुरसिमराउपमहानगरपालिकामा लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अनुकूल स्वास्थ्यको गुणस्तरीयता र सवैको पहुँच कायम गर्न नगर क्षेत्रमा स्थापना भएका र स्थापना हुने स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यवसयमा व्षपक सुधार गर्दै समयनुकूल उच्च प्रविधियुक्त स्वास्थ्य सेवाको विकास विस्तार गर्न वाञ्छनीय भएकाले जीतपुरसिमरा उपमहानगरपालिकाको सभावाट नेपालको संविधान को धारा ३१ र अनुसूचि ८ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११.२.ज र दफा १०२ (१) बमोजिम यो जीतपुरसिमरा उपमहानगरपालिका स्वास्थ्य ऐन, २०७५ ऐन जारी गरिएको छ।

**परिच्छेद-१**

**प्रारम्भिक**

**संक्षिप्त नाम र परिभाषा**

**१.संक्षिप्त नाम र प्रारम्भ**

(१) यस ऐनको नाम “जीतपुरसिमरा उपमहानगरपालिका स्वास्थ्य ऐन २०७५” रहेको छ।

(२) यो ऐन जीतपुरसिमरा उपमहानगरपालिकाभर लागु हुनेछ।

(३) यो ऐन उपमहानगरको नगरसभा वाट पारित भई स्थानिय राजपत्रमा प्रकाशन भएपछि लागु हुनेछ।

**२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा**

(१) “नगरपालिका” भन्नाले जीतपुरसिमरा उपमहानगरपालिका बुझ्नुपर्दछ।

(२) “नगर सभा” भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकाको नगरसभालाई बुझ्नुपर्दछ।



जीतपुरसिमरा उपमहानगरपालिका

(३) “नगर कार्यपालिका” जीतपुरसिमरा उपमहानगरपालिकाको नगर कार्यपालिका बुझ्नुपर्दछ ।

(४) “नगर प्रमुख” भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(५) “नगर उपप्रमुख” भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकाको नगर उपप्रमुखलाई सम्झनुपर्दछ ।

(६) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले उपमहानगरपालिकाको प्रशासकीय प्रमुखको रुपमा काम गर्ने कर्मचारी प्रमुखलाई सम्झनु पर्दछ ।

(७) “वडा अध्यक्ष” भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकाको वडा अध्यक्ष सम्झनु पर्दछ

(८) “कार्यपालिका सदस्य” भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकाको कार्यपालिका सदस्य वडा अध्यक्ष सम्झनु पर्दछ सो शव्दले नगर प्रमुख, उपप्रमुख, वडा अध्यक्ष समेतलाई बुझाउछ ।

(९) “शाखा” भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकाको स्वास्थ्य सेवा सम्वन्धमा कामगर्न तोकिएको महाशाखा/शाखा/उपशाखा/इकाई सम्झनु पर्दछ सो शव्दले नगरपालिकाका अन्य महाशाखा/शाखा/उपशाखा/इकाईहरुलाई समेत जनाउछ ।

(१०) “स्वास्थ्य संस्था” भन्नाले नगरपालिकावाट सञ्चालित र निजी क्षेत्रवाट सञ्चालित स्वास्थ्य संस्था बुझ्नुपर्दछ । सो शब्दले नगरपालिका क्षेत्र भित्र स्वास्थ्य उपचारकोलागी खोलिएका शुल्क लिने र नलिने सवै प्रकारका स्वास्थ्य संस्थाहरु (अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्, स्वास्थ्य चौकी, क्लिनिक, नर्सिङ्गहोम, बैद्यखाना, सुधारकेन्द्र, अनुसन्धान केन्द्र/डाइग्नोसिस सेन्टर, रक्तसञ्चार केन्द्र आदी समेतलाई वुझाउछ ।

(११) “स्वास्थ्य व्यवसाय” भन्नाले स्वास्थ्य उपचारको लागिचाहिने सबै प्रकारका औषधी, औजार, उपकरण लगायत सामाग्रीहरु उत्पादन गर्न उद्योग, ओसारपसार भण्डारण, विक्री वितरण गर्ने तथा परामर्श दिने स्वास्थ्य व्यवसाय बुझ्नुपर्दछ ।

(१२) “स्वास्थ्य प्रमुख” भन्नाले नगरपालिकाको स्वास्थ्य सेवा व्यवस्थित सञ्चालन, व्यवस्थापन, नियमन, निर्देशन, अनुगमन र मूल्याङकन गर्ने तथा ऐन बमोजिम तोकिएका कार्य गर्न तोकिएको कर्मचारी बुझ्नुपर्दछ ।

(१३) “कर्मचारी” भन्नाले स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्य सेवा प्रविधिक तथा प्रशासनिक कर्मचारीसमेतलाई बुझ्नुपर्दछ ।

(१४) “अनुमति” भन्नाले नेपाल सरकार वा नगरपालिकाले स्थायी स्वीकृति प्रदान गरी नसकेको कुनै तोकिएको ठाउँमा स्वास्थ्य संस्था वा स्वास्थ्य व्यवसाय खोल्न दिइएको अस्थायी स्वीकृतिलाई जनाउनेछ ।

(१५) “स्वीकृति” भन्नाले तोकिए बमोजिमको सर्त पुरा गरेको स्वास्थ्य संस्था वा स्वास्थ्य व्यवसायलाई सरकार वा उपमहानगरपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ ।

(१६) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेका नियमावलीमा तोकिएको वा तोकिए बमोजिम भन्ने जनाउछ ।

## परिच्छेद- २
## स्वास्थ्य संस्था खोल्ने अनुमति वा स्वीकृति र खारेजी सम्वन्धी व्यवस्था

**३. स्वास्थ्य संस्था खोल्न अनुमति लिनु पर्नेः**

(१) नेपाली नागरिक, सस्था, निकाय र समुदायले सरकारी, सामुदायिक वा निजि स्वास्थ्य संस्था खोल्न र स्वास्थ्य व्यवसाय सञ्चालन गर्न चाहेमा तोकिएको विवरण खुलाई नगरपालिकामा तोकिएको प्रक्रिया पुरा गरी अनुमतिका लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर नगरपालिकाले आवश्यक जाँचवुझ गर्ने र जाँचबुझ गर्दा स्वास्थ्य संस्था खोल्न तथा स्वास्थ्य व्यवसाय सञ्चालन गर्न अनुमति दिन मनासिव देखिएमा तोकिएको सर्त बन्देज पालना गर्ने गरी स्वास्थ्य व्यवसाय सञ्चालन गर्ने अनुमति नगर स्वास्थ्य समितिको निर्णयले र स्वास्थ्य संस्था खोल्न नगर स्वास्थ्य समितिको निर्णयको आधारमा कार्यपालिकाले अनुमति दिनेछ ।

(३) उपदफा (२) बमोजिम अनुमति लिई खोलिएको स्वास्थ्य संस्थाले तोकिएका सर्त बन्देज पालन गरेको देखिएमा नगर स्वास्थ्य समितिको निर्णयले स्वीकृति प्रदान गर्नेछ ।

(४) नगरपालिकाको स्वामित्वमा रहने वाहेकका अन्य कुनैपनि स्वास्थ्य संस्था र स्वास्थ्य व्यवसाय सरकारी वा सार्वजनिक जग्गा भवनमा सञ्चालन गर्न पाउने अनुमति दिइने छैन ।

(५) यस ऐन वा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि सामुदायीक वा सर्वजनिक गुठी अन्तर्गत स्वास्थ्य संस्था र स्वास्थ्य व्यवसाय सञ्चालन गर्दा देहायबमोजिम गर्नु पर्नेछ :

(क) गुठी सञ्चालन गर्ने गुठी सञ्चालक सङगठित संस्थाको रूपमा हुनु पर्ने,

(ख) गुठी सञ्चालन गर्दा ट्रष्टमा सार्वजनिक गुठी भए कम्तीमा ७ (सात) जना सदस्य हुनु पर्ने,

(ग) आयव्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु पर्ने,

(घ) सार्वजनिक गुठीको तत्काल कायम रहेका ट्रष्टले आफ्नो जीवनकालमै वा शेषपछि गुठीयारको रूपमा कार्य गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्नेछन । त्यस्तो उत्तराधिकारी तोक्दा नगरपालिकाको पुर्व स्वीकृति लिनु पर्नेछ ।

(६) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्धेश्यवाट स्वास्थ्य संस्था सञ्चालन गर्न चाहेमा तोकिएको प्रक्रियाबाट स्वीकृति लिई सार्वजनिक गुठी अन्तर्गत स्वास्थ्य संस्था सञ्चालन गर्न सक्नेछ ।

(७) उपदफा (७) बमोजिम सञ्चालित स्वास्थ्य संस्था र स्वास्थ्य व्यवसायले पालना गर्नु पर्ने सर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(८) नेपाल सरकारको प्रचलित कानुन बमोजिम अनुमती/स्वीकृती प्राप्त गरी संञ्चालनमा रहेका हाल सिमराजितपुर उपमहानगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने स्वास्थ्य संस्था र स्वास्थ्य व्यवसाय यसै ऐन अनुसार स्थापना भएको मानिनेछ । त्यस्ता सस्थाहरुले यो ऐन जारी भएको मितीले १ (एक) महिना भित्र दर्ता नियमित गर्न/गराउन कार्यपालिकामा तोकिएको ढाँचामा संम्पुर्ण विवरण सहितको निवेदन पेश गर्नु पर्नेछ ।

(९) स्वास्थ्य संस्था र स्वास्थ्य व्यवसाय सञ्चालन तोकिए बमोजिम हुनेछ ।

**४. अनुमति वा स्वीकृति रद्ध गर्नेः**

कुनै निजी स्वास्थ्य संस्था र स्वास्थ्य व्यवसायी वाट यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत अन्य कुनै काम गरेमा नगरपालिकाले त्यस्तो कुनै निजी स्वास्थ्य संस्था र स्वास्थ्य व्यवसायलाई प्रदान गरेको अनुमति वा स्वीकृति नगर स्वास्थ्य समितिको सिफारिसमा रद्ध गर्न सक्नेछ । तर त्यसरी अनुमति वा स्वीकृति रद्ध गर्नु अघि सफाई पेस गर्ने मौका दिइनेछ । खारेजी उपर चित्त नबुझ्ने न्यायिक समितिमा उजुरी लाग्नेछ ।

## परिच्छेद- ३
## नगर स्वास्थ्य समिति, र नगर स्वास्थ्य प्रमुख सम्वन्धी व्यवस्था

**५. नगर स्वास्थ्य समितिः**

(१) नगरपालिका क्षेत्रभित्र नगरपालिकाले सञ्चालन गर्ने तथा सामुदायिक, गुठी एवम् िनिजी सञ्चालन हुने सम्पूर्ण स्वास्थ्य संस्था र स्वास्थ्य व्यवसायहरुको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामका लागि देहाय बमोजिमको नगर स्वास्थ्य समिति रहनेछः

| | |
|---|---|
| (क) नगर उपप्रमुख वा निजले तोकेको कार्यपालिका सदस्य | संयोजक |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (ग) कार्यपालिकाले आफुमध्येबाट तोकेको कम्तीमा १ महिला सहित २ जना | सदस्य |
| (घ) नगरसभा सदस्यवाट नगर प्रमुखले तोकेको १ महिला सहित २ जना | सदस्य |
| (ङ) स्वास्थ्य प्राविधिक मध्ये वरिष्ठ प्राविधिक १ जना | सदस्य |
| (च) नगर स्वास्थ्य शाखा प्रमुख/स्वास्थ्य शाखा हेर्ने अधिकृत | सदस्य सचिव |

(२) समितिका सदस्यको पदावधि दुई आर्थिक वर्षको हुनेछ।

(३) समितिको बैठक आवश्यकता अनुसार वस्नेछ।

(४) बैठक सञ्चालन विधि प्रक्रिया समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(५) सेवा सुविधा तोकिएबमोजिम हुनेछ।

(६) उपदफा (१) अन्तर्गतका सदस्यहरूले आफ्नो पदीय आचरण पालन नगरेको अवस्थामा जुनसुकै समयमा पनि हटाउन वा बर्खास्त गर्न सकिनेछ। तर त्यसरी हटाउँदा वा बर्खास्त गर्नु पहिले मनासिब माफिकको सफाइ दिने अवसर प्रदान गरिनेछ। यसरी हटाए उपर चित्त नबुझेमा न्यायिक समितिमा उजुरी लाग्नेछ।

**(६) नगर स्वास्थ्य समितिको काम, कर्तव्य र जिम्मेवारी**

नगर स्वास्थ्य समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(१) नगरपालिकाभित्रको स्वास्थ्य सेवा विस्तार र विकासको योजना तयार गर्ने,

(२) नगरपालिका क्षेत्रभित्र स्वास्थ्य संस्थाहरु तथा स्वस्थ्य सेवा व्यवशायहरुसञ्चालनका लागि अनुमति, स्वीकृति, स्वास्थ्य संस्था सार्ने, गाभ्ने सम्बन्धी निर्णय दिर्ने,

(३) स्वास्थ्य संस्था र स्वास्थ्य कार्यक्रमहरूका लागि आवश्यक आर्थिक अनुदान तथा स्रोतको खोजी गर्ने,

(४) नगरपालिका क्षेत्रभित्र सञ्चालित हुने स्वास्थ्य संस्थाहरुर स्वास्थ्य सेवाव्यवसायहरूलाई गुणस्तरिय, मर्यादित र व्यवस्थित बनाउने,

(५) नगरपालिकाबाट स्थापना भएका स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यवसायहरूमा दरबन्दी, सेवा, सुविधा र सर्तहरु स्वीकृत गर्ने,

(६) स्वास्थ्य संस्था व्यवस्थापन समितिलाई निर्देशन दिने, जागरुक र सचेत गराउने,

(७) मानव स्वास्थ्यसंग सम्वन्धित विषयहरुको सम्बोधन गर्ने,

(८) स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यवसायहरूको सुपरीवेक्षण तथा अनुगमन गर्ने।

(९) स्वास्थ्य संस्थासँग आवद्ध कर्मचारीहरूलाई कामका आधारमा आवश्यक प्रोत्साहन, नसिहत र दण्ड गर्ने गराउने।

(१०) स्वास्थ्य संस्थाहरुको स्वीकृत दरबन्दीमा स्वस्थ्य प्रविधिक, करार कर्मचारी,स्वास्थ्य स्वयमसेवक एवम् स्वास्थ्य कार्यकर्ता राख्नु पर्ने भएमा छनौट समिति गठन गरी सो समिति मार्फत परीक्षा लिई योग्यताक्रम अनुसार करार सूची प्रकाशन गरी रिक्त रहेको स्वीकृत दरबन्दीमा योग्यताक्रम अनुसार करार सूची अनुसार नियुक्ति गर्ने व्यवस्था मिलाउने ।

(११) स्वास्थ्य सेवाको गुणस्तर कायम गराउने ।

(१२) स्वास्थ्य संस्थाहरुले दिने सेवाहरुको गुणस्तरको आधारमा सेवा शुल्क निर्धारण गर्ने स्वीकृति दिने ।

(१३) गुनासा, उजुरी, सुन्ने, सम्वोधन गर्ने ।

(१४) नगर कार्यपालिकाले तोकेबमोजिम अनिवार्य स्वास्थ्य बिमा लागु गर्ने गराउने ।

(१५) तलव सेवा सुविधामा समायोजनका लागि सहजीकरण गर्ने ।

(१६) अन्य तोकिएबमोजिमका कार्यहरू गर्ने ।

**७. नगर स्वास्थ्य सेवा शाखा प्रमुखः**

(१) नगरपालिकामा स्वास्थ्य सेवा शाखा हेर्ने एकजना स्वास्थ्य सेवा शाखा प्रमुख हुनेछन् ।

(२) स्वास्थ्य सेवा शाखा प्रमुखका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) स्वास्थ्य सम्वन्धी स्थानीय योजना निर्माण गर्ने ।

(ख)कार्यपालिका तथा नगरसभाबाट पारित ऐन कानून, नीति नियम कार्यान्वयन गर्न, गराउन क्रियाशिल रहने ।

(ग) नगर स्वास्थ्य कार्यक्रम कार्यान्वयन गर्ने गराउने ।

(घ) स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यवशायको तथ्याङ्क अद्यावधिक गरी गराई प्रदेश तथा केन्द्रमा नियमित रुपमा पठाउने, अद्यावधिक गर्ने गराउने,

(ङ) स्वास्थ्य संस्था सञ्चालन तथा कार्यक्रम कार्यान्वयनका लागि श्रोतको पहिचान संकलन र उपलव्ध स्रोतको यथोचित बाँडफाँड गर्ने गराउने,

(च) नगरपालिकाक्षेत्रभित्रका स्वास्थ्य संस्था नक्साङ्कन गरी सोको आधारमा स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यवशाय खोल्न अनुमति प्रदान गर्ने, सेवा विस्तार एवम् थप गर्ने कार्यको योजना वनाई पेश गर्ने र स्वीकृत भएपछी कार्यान्वयन गर्ने गराउने ।

(छ) स्वास्थ्यकर्मी तथा कर्मचारीहरुको व्यवस्थापन गर्ने, कार्यरत स्वास्थ्य संस्था कर्मचारीको पदस्थापन र सम्वन्धी कार्य गर्ने

(ज) स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी तथा कर्मचारीहरूको विदाको अभिलेख अद्यावधिक गर्ने र बिदाहरू स्वीकृत गर्ने,

(झ) स्वास्थ्य सेवाको गुणस्तर बढाउन स्वास्थ्य संस्था, व्यवस्थापन समिति, तथा अन्य सरोकारवालाहरूको नियमित रुपमा बैठक, गोष्ठी वा तालिमको व्यवस्था गर्ने,

(ञ) नगर स्वास्थ्य समितिको सचिवालयको रुपमा कार्य सम्पादन गर्ने, गराउने

(ट) स्वास्थ्य सेवासंग सम्बन्धीत तथा आफ्नो पदिय कार्यगर्दा कार्यपालिका, नगर सभा एवम् प्रमुख प्रशासकीय अधिकृतको सुपरीवेक्षण तथा निर्देशनको अधीनमा रही कार्य सम्पादन गर्ने,

## परिच्छेद-४
## स्वास्थ्य संस्था व्यवस्थापन समिति सम्वन्धी व्यवस्था

**८. स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिः**

(१) नगरपालिकाका स्वास्थ्य संस्थाको सञ्चालन, व्यवस्थापन र रेखदेख गर्नका लागि प्रत्येक स्वास्थ्य संस्थामा देहाय बमोजिमका सदस्यहरू रहेको एक स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति रहनेछः

**(क) प्राथमिक स्वास्थ्य केन्द्र**

| | |
|---|---|
| १) नगरपालिका प्रमुख | संरक्षक |
| २) सम्वन्धित वडाको वडा अध्यक्ष वा वडा समितिले तोकेको | अध्यक्ष |
| ३) अध्यक्षले मनोनित गरेको व्यक्ति | उपाध्यक्ष |
| ४) प्राथमिक स्वास्थ्य केन्द्र रहेको क्षेत्रको विद्यालयको प्रमुख एक जना | सदस्य |
| ५) स्थानियउद्योग बाणिज्य संघको प्रतिनिधि एक जना | सदस्य |
| ६) संरक्षकवाट मनोनित स्थानिय लव्ध प्रतिष्ठित स्वास्थ्य क्षेत्रको जानकार एक जना महिला | सदस्य |
| ७) संरक्षकबाट मनोनित वडा कार्यालय अधिकृत वा वडा सचिव | सदस्य |
| ८) प्राथमिक स्वास्थ्य केन्द्र प्रमुख | सदस्य सचिव |

**(ख) स्वास्थ्य चौकी सञ्चालन तथा व्यवस्थापन समिति**

| | |
|---|---|
| १) नगरपालिका प्रमुख | संरक्षक |
| २) सम्वन्धित वडाको वडा अध्यक्ष | अध्यक्ष |
| ३) अध्यक्षले मनोनित गरेको व्यक्ति | उपाध्यक्ष |
| ४) स्वास्थ्य चौकी रहेको क्षेत्रको विद्यालयको प्रमुख | सदस्य |
| ५) स्थानिय उद्योग बाणिज्य संघको प्रतिनिधि | सदस्य |
| ६) संरक्षकवाट मनोनित स्थानिय लव्ध प्रतिष्ठित स्वास्थ्य क्षेत्रका जानकार एक जना महिला | सदस्य |
| ७) संरक्षकवाट मनोनित वडा कार्यालय प्रमुख | सदस्य |
| ८) स्वास्थ्य चौकी प्रमुख | सदस्य सचिव |

**(ग) सार्वजनिक गुठी स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति**

| | |
|---|---|
| १) सञ्चालकहरुमध्येबाट चुनिएको | अध्यक्ष |
| २) सम्वन्धित वडाको समितिले तोकेको वडा अध्यक्ष वा सदस्य १ जना | सदस्य |
| ३) नगर स्वास्थ्य समितिले तोकेको १ जना | सदस्य |
| ४) स्वास्थ्य चौकी रहेको क्षेत्रको विद्यालयको प्रमुख मध्ये अध्यक्षले तोकेको | सदस्य |
| ५) स्थानिय लव्धप्रतिष्ठित स्वास्थ्य क्षेत्रका जानकार कम्तीमा एक महिला दुई | सदस्य |
| ६) सञ्चालकहरुमध्ये वढीमा ४ जना | |

(स्वास्थ्य प्राविधिक र प्रशासनिक क्षेत्र सहित) सदस्य

८) सम्वन्धित स्वास्थ्य संस्थाको प्रमुख प्रशासक सदस्य सचिव

**(घ) निजी स्वास्थ्य संस्था (अस्पताल, नर्सिङ होम जस्ता २० भन्दा वढी स्वास्थ्यकर्मीले सेवा दिने) सञ्चालन तथा व्यवस्थापन समिति**

(१) सम्वन्धित संस्थाले तोके बमोजिम वढीमा ९ जना सम्मको हुनेछ ।

(२) अध्यक्ष सञ्चालकहरुमध्ये र सदस्य सचिव प्रमुख प्रशासक हुनेछ ।

(३) सम्वन्धित वडाअध्यक्ष र नगर स्वास्थ्य समितिको प्रतिनिधी पदेन सदस्य हुनेछ ।

(४ स्थानिय समाजसेवीहरुमध्ये कम्तीमा एक जना समितिले मनेनित गर्नेछ ।

(२) स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको कार्यकाल दुई वर्षको हुनेछ ।

(३) व्यवस्थापन समितिको म्याद सकिनुभन्दा एक महिना अगावै नयाँ व्यवस्थापन समितिको गठन गरी बहालवाला व्यवस्थापन समितिले पदभार हस्तान्तरण गर्नु पर्नेछ । यसो हुन नसकेमा वा व्यवस्थापन समिति गठन विवादित भएमा तोकिए बमोजिम व्यवस्थापन समितिको गठन नगर स्वास्थ्य समिति स्वयम्ले गर्नेछ ।

(४) व्यवस्थापन समिति गठन सम्वन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

**(९) स्वास्थ्य संस्था व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः**

(१) स्वास्थ्य संस्था व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) स्वास्थ्य संस्था तथा कार्यक्रम सञ्चालनको लागि श्रोत साधनको पहिचान संकलन तथा प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ग) भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गर्ने,

(घ) नगरपालिकाको नीति निर्देशन अनुसार स्वस्थ्य संस्था सञ्चालन गराउने

(ङ) संघिय सरकार, प्रदेश सरकार तथा नगरपालिकाले जारी गरेका र प्रचलित कानूनबमोजिम तोकिएअनुसार एवम् नगरपालिका र नगर स्वास्थ्य समितिले दिएका निर्देशनहरूको पालना गर्ने,

(च) स्वास्थ्य संस्थामा सबैले उचित र सरल तथा सहज सेवा पाउने वातावरण कायम राख्ने,

(छ) दिइएको सेवा र गुणस्तरवारे वर्षको दुईपटक सार्वजनिक परीक्षण गराउने तथा सो प्रतिवेदनअनुसार तत्काल आवश्यक कार्यवाही गर्ने र त्यसको प्रतिवेदन नगर स्वास्थ्य समितिमा पेश गर्ने,

(२) स्वास्थ्य संस्था व्यवस्थापन समितिका अन्य काम, कर्तव्य अधिकार र बैठक सम्वन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

(३) कुनै पनि व्यक्ति एक भन्दा बढी स्वास्थ्य संस्था व्यवस्थापन समितिमा रहन सक्नेछैन । तर पदेनको हकमा यो लागु हुनेछैन ।

(४) नियमन तथा भरपर्दो सेवाप्रवाहमा सहजीकरण तथा रेखदेख गर्नु गराउनुपर्नेछ ।

**१०. स्वास्थ्य संस्था व्यवस्थापन समिति विघटन गर्न सकिनेः**

(१) कुनै पनि स्वास्थ्य संस्था व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पुरा गर्न नसकेको भनी नगर स्वास्थ्य समितिले कारणसहित कार्यपालिकामा सिफारिस गरेमा सोको कारण खुलाई कार्यपालिकाले तोकिएको प्रक्रिया

पुरा गराई स्वास्थ्य संस्था व्यवस्थापन समितिलाई विघटन गर्न सक्नेछ । तर यसरी विघटन गर्नु अघि स्वास्थ्य संस्था व्यवस्थापन समितिलाई आफ्नो सफाइ पेस गर्ने मनासिब मौका दिइनेछ ।

(२) उपदफा (१) बमोजिम स्वास्थ्य संस्था व्यवस्थापन समिति विघटन भएपछि अर्को व्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले स्वास्थ्य संस्था व्यवस्थापन समिति गठन नभएसम्म नगर स्वास्थ्य समितिले तोकिएबमोजिम हुनेछ ।

**११. स्वास्थ्य संस्था सञ्चालन कार्यविधिः**

(१) यो ऐन वा प्रचलित कानुनको अधीनमा रही प्रत्येक स्वास्थ्य संस्थाले आफ्नो लक्ष्य, मूल्य- मान्यता, सञ्चालन प्रक्रिया, सेवा लिन आउने नागरिकले पाउने सेवा विवरण लगायतका अन्य सान्दर्भिक विषयवस्तु समावेश गरिएको कार्यविधि पारित गराई नगर स्वास्थ्य समितीको स्वीकृतिमा लागु गर्नुपर्नेछ ।

(२) कार्यविधि अनुसार स्वास्थ्य संस्था सञ्चालन गर्न सहयोग पुऱ्याउनु व्यवस्थापन समिति तथा अन्य सबैको कर्तव्य हुनेछ ।

(४) कार्यविधिको पारित भएको मितिबाट ७ दिनभित्र नगर स्वास्थ्य समितिमा पेश गरी स्वीकृति लिनुपर्नेछ ।

**१२. निजी, सामुदायिक तथा गुठी स्वास्थ्य संस्था तथा स्वास्थ्य सेवा व्यवसायहरुले पालना गर्नुपर्नेः**

(१) कुनै पनि स्वास्थ्य संस्था वा स्वास्थ्य सेवा व्यवसाय सञ्चालन अनुमति/स्वीकृति लिएर मात्र सञ्चालन गर्नुपर्नेछ

(२) अनुमति/ स्वीकृति लिदा तोकिएको मापदण्ड पुरा गरेको हुनुपर्नेछ ।

(३) भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गर्ने, चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने तथा आवधिक रुपमा नगरपालिकामा वार्षिक प्रतिवेदन र लेखा प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(४) कार्यरत स्वास्थ्यकर्मी तथा कर्मचारीहरुलाई नगरपालिकाबाट स्वीकृत भएबमोजिमको न्यूनतम तलबस्केलमा नघटाई सेवा सुविधाको व्यवस्था गर्ने गराउने ।

(५) संघीय सरकार, प्रदेश सरकार तथा नगरपालिकाबाट जारी ऐन, नियमावली तथा अन्य प्रचलित कानूनमा उल्लेखित व्यवस्थाका अतिरिक्त नगर स्वास्थ्य समितिको निर्देशन पालना गर्ने ।

(६) स्वास्थ्य संस्था व्यवस्थापन समितिका अन्य काम, कर्तव्य अधिकार सम्वन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद- ६
## कोष तथा शुल्क सम्वन्धी व्यवस्था

**१३. स्वास्थ्य विकास कोषः**

(१) स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार विकासमा सहयोग पुऱ्याउन तथा त्यस्ता संस्थामा गुणस्तर अभिवृद्धि गर्न नगर कार्यपालिकामा एउटा नगर स्वास्थ्य विकास कोष रहनेछ ।कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहने छन् :

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

(ग) नगरपालिका विनियोजित रकम,

(घ) निजी स्वास्थ्य संस्थाबाट प्राप्त तोकिए बमोजिमको रकम,

(ङ) चन्दाबाट प्राप्त रकम,

(च) अन्य स्रोतबाट प्राप्त रकम ।

**१४. स्वास्थ्य संस्था कोषः**

(१) प्रत्येक स्वास्थ्य संस्थामा एउटा कोष रहनेछ, जसमा देहाय बमोजिमका स्रोतबाट प्राप्त रकम सो कोषमा दाखिला हुनेछः

(क) नेपाल सरकार, प्रदेश सरकार र उपमहानगरपालिकाबाट प्राप्त अनुदान रकम,

(ख) नगर कार्यपालिकाको स्वास्थ्य कोषबाट प्राप्त अनुदान,

(ग) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(घ) चन्दा वा दान दातव्यबाट प्राप्त रकम,

(ङ) अन्य स्रोतबाट प्राप्त रकम,

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन र लेखापरीक्षण तथा सार्वजनिक परीक्षण तोकिएबमोजिम हुनेछ ।

**१५. शुल्क सम्वन्धी व्यवस्थाः**

(१) नेपाल सरकारले निःशुल्क स्वास्थ्य घोषणा गरेको स्वास्थ्य संस्थाबाट कुनै पनि किसिमको शुल्क लिन पाउने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कसैले आफ्नो इच्छाले दिएको दान, उपहार, चन्दा वा सहयोग स्वास्थ्य संस्थाले लिन सक्नेछ ।

(३) नगरपालिकाको स्वामित्व भएका स्वास्थ्य संस्थावाट निःशुल्क स्वास्थ्य सेवा प्रदान गर्नका लागि नगरपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ ।

(४) उपदफा (१) मा जुनसुकौ कुरा लेखिएतापनि निःशुल्क स्वास्थ्य सेवा प्रदान गर्नकालागि तोकिएको वाहेकका सेवा दिन नगरपालिकाले आफ्नो पहलमा थप सेवा दिदा श्रोत र सामर्थ्य नपुगी सेवा तथा वस्तु खरिद, उपयोग, सञ्चालन व्यवस्थापनकालागी आवश्यक शुल्क निर्धारण गरी लार्गु गर्न गराउन सक्नेछ । नगरपालिकाले आफ्नो पहलमा आवश्यक स्रोतको व्यवस्था गर्नेछ ।

(५) उपदफा (१) बमोजिम निःशुल्क स्वास्थ्य घोषणा गरेको स्वास्थ्य संस्था बाहेक अन्य स्वास्थ्य संस्थामासेवा र गुणस्तरको आधारमा शुल्क निर्धारण गरी नगर स्वास्थ्य समितिको स्वीकृतीमा लागु गरिनेछ ।

(६) विरामी तथा सेवाग्राहीसँग लिन पाउने शुल्क नगर स्वास्थ्य समितिबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ । त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिंदा उपलब्ध गराएको सुविधाको आधारमा दिनेछ ।

(७) यस ऐन विपरीत शुल्क लिने स्वास्थ्य संस्थालाई लिएको शुल्कको प्रकृतिहेरी पहिलो पटकमा पच्चीस हजार रूपैयाँ देखी एकलाख रुपयासम्म जरिवाना र दोहोरिदै गएमा प्रत्येक पटक दोब्बर जरिवाना गर्न सक्नेछ ।

**१६. निजी स्वास्थ्य संस्थाले निशुल्क उपचारको व्यवस्था गर्नु पर्नेः**

(१) निजी स्वास्थ्य संस्था (निजी लगानी रहेकाअस्पताल, क्लिनिक, नर्सिङ्गहोम, बैद्यखाना, सुधारकेन्द्र, अनुसन्धान केन्द्र/डाइग्नोसिस सेन्टर, रक्तसञ्चार केन्द्र आदी) हरूले कुल सेनामा कम्तीमा दश प्रतिशतमा नघट्ने गरी आर्थिक रुपमा विपन्न, अपाङ्ग, महिला, दलित वा जनजातिहरुलाई निशुल्क सेवा उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको दिइने सेवामा नगर स्वास्थ्य समितिले आधार सहित सेवाको लागी सिफारीस गर्न सक्नेछ । उक्त सिफरिसलाई प्राथमिकतामा राखेर सेना दिनु सम्वन्धित संस्थाको कर्तव्य हुनेछ ।

(३) उपदफा (१) बमोजिमको दिइएको सेवाको आधार सहितको विवरण नगर स्वास्थ्य समितिमा पेस गर्नुपर्नेछ ।

(४) उपदफा (२) बमोजिम नगर स्वास्थ्य समितिमा पेश भएको विवरणमा अन्यथा देखिएमा पुनरावलोकन गर्न नगर स्वास्थ्य समितिले सम्वन्धित संस्थालाई निर्देशन दिन सक्नेछ । उक्त निर्देशन संवन्धित संस्थाले पालना गर्नु पर्नेछ ।

**१७. स्वास्थ्य संस्थाको सम्पत्तिः**

(१) नगरपालिकाको स्वमित्वमा आएको र आउने स्वास्थ्य संस्थाको नाममा रहेको चल अचल सम्पत्ति नगरपालिकाको सम्पत्ति हुनेछ । नगरपालिकाले प्रयोगमा आउने वाहेक अन्य सम्पत्ति प्रचलित कानुन बमोजिम बेचबिखन गरी प्राप्त भएको रकम सम्बन्धित नगरपालिकाको स्वास्थ्य कोषमा जम्मा गर्नेछ ।

(२) सार्वजनिक गुठी अन्तर्गत सञ्चालित संस्थाको सम्पत्ति सोही गुठीको नाममा रहनेछ । कुनै स्वास्थ्य संस्था सार्वजनिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो संस्थाको सम्पत्ति  सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन ।

(३) निजी (निजीर साझेदारी) स्वमित्वमा सञ्चालित संस्थाहरुको सम्पत्ति सम्वन्धित व्यक्ती वा निकायको स्वमित्वमा रहनेछ ।

(४) निजी (निजी, साझेदारी) स्वामित्वमा सञ्चालित संस्थाहरुले कुनै व्यक्ति वा संघ संस्थासँग दानदातव्यको रुपमा कुनै किसिमको चल, अचल  सम्पत्ति प्राप्त गर्नु अघि नगर स्वास्थ्य समितिको पूर्वस्वीकृति लिनु पर्नेछ । तर विदेशी व्यक्ति वा संघसंस्थावाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्न नगरपालिकाको सिफाशिमा नेपाल सरकारबाट पुर्वस्वीकृति लिनुपर्नेछ ।

(५) नेपाल सरकारको स्वीकृतिमा प्राप्त गरेको सम्पत्ति नेपाल सरकारको स्वीकृति बेगर र नगरपालिकाको स्वीकृतिमा प्राप्त गरेको सम्पत्ति नगरपालिकाको स्वीकृति बेगर बेचविखन गर्न पाइने छैन ।

**१८. छुट र सुविधाः**

(१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि सामुदायिक र सार्वजनिक गुठीकोरुपमा सञ्चालित स्वास्थ्य संस्थाको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

(२) उपदफा (१) मा लेखिएको वाहेक अन्य स्वास्थ्यको नाममा कुनै लिखत पारित गर्दा नेपाल सरकारले तोकेबमोजिमको आधारमा रजिष्ट्रेशन दस्तुर लाग्नेछ ।

(३) सरकारी, सामुदायिक र सार्वजनिक गुठीकोरुपमा सञ्चालित स्वास्थ्य संस्थालाई दिइने अन्य छुट र सुविधा तोकिएबमोजिम हुनेछ ।

## परिच्छेद- ७

## दरवन्दी मिलान, नियुक्ति र सरुवा सम्वन्धी व्यवस्था

**१९. अन्य काममा लगाउन नहुनेः**

(१) चिकित्सक, चिकित्सा सहायक एवम् सहयोगी तथ सो सम्वन्धित प्राविधिक कर्मचारीलाई अन्य काममा लगाउन हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि स्स्वास्थ्य सेवामा बाधा नपर्ने गरी संघिय, प्रदेश सरकार वा नगरपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ ।

**२०.नियुक्ति, बढुवा र सरुवाः**

(१) स्वास्थ्य संस्थामा रिक्त करार, स्वास्थ्यकर्मी, कर्मचारी तथा स्वास्थ्य कार्यकर्ताको नियुक्तिको व्यवस्था स्थानीय स्वास्थ्य व्यवस्थापन समितिको सिफारिशमा नगर स्वास्थ्य समितिले तोकेबमोजिम गर्नेछ ।

(२) उपदफा (१) अनुसार नियूक्त हुनेको योग्यता र सेवा सर्त सुविधा प्रचलित कानूनमा तोकिए बमोजिम हुनेछ ।

(३) नगरपालिकाभित्र सरुवाका लागि निवेदन दिने स्थायी, अस्थायी, करारमा कार्यरत स्वास्थ्यकर्मी, कर्मचारी तथा स्वास्थ्य कार्यकताको सरुवा तथा पदस्थापन सरुवा भएर जांदा र आउदा सेवग्राहीले पाउनुपर्ने सेवामा बाधा नपर्ने गरी नगर स्वास्थ्य समितिले तोकिदिए बमोजिमको प्रक्रिया अपनाई प्रमुख प्रशासकीय अधिकृतले सरुवा गर्न सक्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि आवश्यकता र औचित्यको आधारमा नगर प्रमुखको निर्देशनमा प्रमुख प्रशासकीय अधिकृतले नगरपालिकाक्षेत्र भित्र सरुवा गर्न सक्नेछ ।

(५) सेवा आयोगबाट सफल भई सिफारिस भएका स्वास्थ्यकर्मी, कर्मचारी तथा स्वास्थ्य कार्यकता लाई विषय मिल्ने गरी स्थायी नियुक्ति दिई काममा लगाउनु पर्नेछ ।

(६) सम्भव भएसम्म स्वास्थ्य कर्मचारीलाई घरपायक मिलाइनेछ ।

(७) बढुवा सम्वन्धी व्यवस्था प्रचलित कानून बमोजिमको हुनेछ ।

**२१ तलबभत्ता नपाउने र सेवा अवधि गणना नहुनेः**

नियमानुसार बिदा स्वीकृत गराई बसेको अवस्थामा बाहेक आफु कार्यरत रहेको स्वास्थ्य संस्थामा अनुपस्थित रहेका र बेतलवी बिदामा रहेका स्वास्थ्यकर्मी, कर्मचारी तथा स्वास्थ्य कार्यकताले अनुपस्थित अवधिको तलब भत्ता पाउने छैन र सो अवधि सेवामा गणनासमेत हुनेछैन ।

**२२. स्थायी आवासीय अनुमति लिन नहुनेः**

नगरपालिकाको स्वामित्व रहेको स्वास्थ्य संस्थामा कार्यरत कुनै स्वास्थ्यकर्मी, कर्मचारी तथा स्वास्थ्य कार्यकर्ताले कुनै पनि देशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिन हुँदैन । स्थायी आवासीय अनुमति लिएका तथा लिन आवेदन दिएका स्वास्थ्यकर्मी, कर्मचारी तथा स्वास्थ्य कार्यकतालाई सेवावाट वर्खास्त/खारेज गरी थप दण्ड तथा सजाय तोकिए बमोजिम हुनेछ ।

**२३. पदीय आचरण तथा अन्य व्यवस्थाः**

(१) देहायका अवस्थामा स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी, कर्मचारी तथा स्वास्थ्य कार्यकर्तालाई पदबाट हटाउन नगर स्वास्थ्य समितिले कार्यपालिका समक्ष सिफारिस गर्नेछ । सो उपर अनुगमन प्रतिवेदनका आधारमा कार्यपालिकाले सेवाबाट बर्खास्त गर्न सक्नेछ ।

(क) तोकिएबमोजिम पदीय दायित्व पुरा नगरेमा,

(ख) विना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय तोकिएको स्वास्थ्य संस्थामा अनुपस्थित भएमा,

(ग) स्वास्थ्य संस्थामा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) कार्यालय समयमा अन्यत्र सेवा वा अन्य व्यवसायिक क्रियाकलाप गरेमा,

(च) व्यवसायिक हकहितका नाममा सूक्ष्म रुपमा अमूक राजनैतिक दलको मात्र हित वा विरोधमा कार्य गर्ने संगठनका गतिविधिमा कार्यालयको समयमा संलग्न भएमा ।

(२) उपदफा (१) बमोजिम वा अन्य माध्यमले कुनै स्वास्थ्यकर्मी वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने कारणको आवश्यक प्रमाण प्राप्त भएमा नगरपालिकाले निजलाई पदबाट हटाउन सक्नेछ, तर कार्यरत पदबाट हटाउनु अघि मनासिव माफिकको स्पष्टीकरणको मौका प्रदान गरिने छ ।

**२४. अदालतको आदेशबाट पुनः बहाली हुनसक्नेः**

(१) दफा (२३) मा उल्लेख भएका कुनै आरोप वा अन्य कुनै केही आरोपमा सजाय भै नोकरीबाट हटाइएको वा बर्खास्त भएको स्वास्थ्यकर्मी, कर्मचारी अदालतको आदेश वा फैसला बमोजिम मात्र नोकरीमा पुनः बहाली हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनः बहाली भएको स्वास्थ्यकर्मी, वा कर्मचारीले नोकरीबाट हटेको दिनदेखि पुनःबहाली भएको मितिसम्मको पुरा तलब,भत्ता र तलब बृद्धि पाउने भए सो समेत पाउनेछ ।

## परिच्छेद-८
## विविध

**२५. सुरक्षित क्षेत्रको रुपमा कायम गर्नु पर्नेः**

(१) स्वास्थ्य संस्थामा स्वतन्त्र र भयरहित रुपमा उपचार तथा सेवा पाउने वातावरण सिर्जना गर्न तथा कुनै पनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी सुरक्षित क्षेत्र कायम गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा स्वास्थ्य संस्थाले पालना गर्नु पर्ने सर्त तथा मापदण्ड तोकिए बमोजिम हुनेछन् ।

(३) कुनैपनि स्वास्थ्य संस्थामा उपचार तथा सेवामा लिङ्ग, धर्म, वर्ण, जात, वर्ग आदीको आधारमा भेदभाव एवम् दुर्व्यवहार दण्डनिय हुनेछ । भए गरेको पाइए प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

(४) कुनैपनि स्वास्थ्य संस्थामा उपचार तथा सेवा दिदा सेवा लिनेको व्यक्तिगत गोपनियताको हक सुरक्षित गराउनु सम्वन्धित स्वास्थ्य संस्थाको कर्तव्य  हुर्नेछ । व्यक्तिगत गोपनियताको हक सुरक्षित नभएको वा सुरक्षाका नाममा अन्यथा भए गरेको पाइए प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

**२६. प्रगति विवरण बुझाउनु पर्नेः**

(१)नगरपालिकाको स्वामित्वका स्वास्थ्य संस्थाले मासिक, चौमासिक अर्धवार्षिक तथा वार्षिक प्रतिवेदन नगरको स्वास्थ्य शाखामा पेस गर्नु पर्नेछ ।

(२) निजी स्वामित्वका स्वास्थ्य संस्थाले वार्षिक प्रतिवेदन नगरको स्वास्थ्य शाखामा पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) र (२) मा जे उल्लेख भएपनि नगरपालिका तथा सम्वन्धित निकायले मांग गरेको अवस्थामा कुनै पनि समयमा तोकिएका विवरणहरु मांग गर्ने निकायमा पेश गर्नु पर्नेछ ।

**२७. दण्ड सजाय:**

१) कसैले सरकारी, समुदायिक, सार्वजनिक गुठीको स्वामित्वमा सञ्चालित स्वास्थ्य संस्थाको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई नगर स्वास्थ्य समितिको सिफारीसमा कार्यपालिकाले बिगो असुल गरी बिगोबमोजिम जरिवाना गर्न सक्नेछ ।

२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा हेरी कानुनले तोकेबमोजिम सजाय हुनेछ :-

(क) उपचार र सेवासंग सम्वन्धित विषयको व्यक्तिगत गोपनीयता भङ्ग गरेमा,

(ख) स्वास्थ्य परीक्षण उपचार तथा सेवा दिदा लापरवाही, विभेद वा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,

(ग) उपचारमा नियत राखी दुख दिएमा, अमर्यादित कार्य गरेमा,

(घ) कानून विपरितका अन्य कार्य गरेमा ।

**२८. पुनरावेदन:**

नगरपालिका तथा तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानुन बमोजिम पुनरावेदन लाग्नेछ ।

**२९. नियम बनाउने अधिकार:**

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगर कार्यपालिकाले आवश्यक व्यवस्थाहरु सहित स्वास्थ्य नियमावली बनाउन सक्नेछ ।

(२) यस ऐनको कार्यान्वयनका लागि नगर स्वास्थ्य समितिले आवश्यक निर्देशिका तथा कार्यविधि बनाई लागु गर्न सक्नेछ ।

(३) नगर कार्यपालिकाले समग्र स्वास्थ्य क्षेत्रको व्यवस्थापन वा कुनै विशेष विषयलाई लिएर विशेष निर्देशन जारी गर्न सक्नेछ ।

**३०. संक्रमणकालीन व्यवस्था:**

यस ऐनले तोकिएबमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआएसम्म नगरकार्यपालिकाले गर्न सक्नेछ ।

**३१. बाधा अडकाउ फुकाउने अधिकार:**

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा नगर कार्यपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ ।

**३२. बचाउ र लागु नहुने:**

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमावलीमा लेखिएजति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानून बमोजिम हुनेछ ।

(२) सङ्घीय र प्रादेशिक कानूनसँग बाझिएको यस ऐनका दफा र उपदफाहरू बाझिएको हदसम्म स्वतः निष्क्रिय हुनेछ ।

जीतपुरसिमरा उपमहानगरपालिका

**३३. यसै अनुसार हुनेः**

(१) यस अघि भए गरेका काम कारवाहीहरु यसै ऐन अनुसार भएको मानिनेछ ।

(२) यसअघि कानून बमोजिम नियुक्त स्वास्थ्यकर्मी, कर्मचारी स्वयमसेवकहरूलाई नेपाल सरकारले दिदै आएको सुविधामा कुनै किसिमको कटौती गरिने छैन । योग्यता र क्षमताका आधारमा तलव सुविधाको समायोजन गर्न सकिनेछ । तर यो व्यवस्थाले कानुन बमोजिम दण्ड सजाय कार्यवाही गर्न बाधा पर्नेछैन ।

<u>आज्ञाले:</u>
नामः शिव कुमार कार्की
पदः प्रमुख प्रशासकीय अधिकृत
मितिः २०७५।०४।०१ गते ।
पृष्ठ संख्याः १४

जीतपुरसिमरा उपमहानगरपालिका